आज मिति २०८३ साल जेठ महिनाको ०९ गते ठीक १०:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०८ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु
२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
३. सदस्य श्री यम बहादुर राना
४. सदस्य श्री फत्ते सिं दर्लामी
५. सदस्य श्री नविन्द्र थापा सोती
६. सदस्य श्री सन्तविर सुनारी
७. सदस्य श्री दुर्गा बहादुर सोमै
८. सदस्य श्री मेख बहादुर सुनारी
९. सदस्य श्री मुक्त बहादुर पाटा
१०. सदस्य श्री हेम कुमारी सुनारी
११. सदस्य श्री देवीसरा सोमै
१२. सदस्य श्री मिम्श्री बयम्बु
१३. सदस्य श्री खुमीसरा पुलामी
१४. सदस्य श्री रिकलाल कामी
१५. सदस्य श्री खुम बहादुर वि.क.
१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

का.स.श्री शोभा कुमारी फाल

मिति २०८३।०२।०९ गतेका दिन ठीक १०:०० बजे बसेको निस्दी गाउँपालिकाको १०८ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,नदिजन्य पदार्थ उपलब्धता सम्बन्धमा ।

३, विविध ।

मिति २०८३।०२।०९ गते बसेको निस्दी गाउँपालिकाको १०८ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.डिभिजन सडक कार्यालय,पाल्पा र बस्नेत/जन्मभूमी/सुनिर जे.भी.को बिचमा सम्झौता भएको ठेक्का नं.RDPLP-3370113384-2082/83-38 को रामपुर-मित्याल- अरुणखोला(NH-68)सडक खण्डको स्तरोन्नती कार्यमा प्रयोग गर्ने प्रयोजनका लागि यस पालिका अन्तर्गतको निस्दी खोलाबाट निर्माण सामाग्री ढुंगा,गिट्टी,बालुवा संकलन गर्न निर्माण व्यावसायीको माग निवेदन र सडक डिभिजन पाल्पाको सिफारिस बमोजिम ढुङ्गा,गिट्टी,वालुवा उत्खन्न,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७,नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र निस्दी गाउँपालिका भएर बग्ने निस्दी खोला,अरुण खोला,भोगटे खोला,मुरली खोला र बौदी खोलाको विभिन्न बगर क्षेत्रबाट ढुङ्गा,गिट्टी र वालुवाको दिगो रुपमा सङ्कलन/उत्खन्न कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा सो कार्यको लागि आवश्यक १२०० घन मिटर नदीजन्य पदार्थ वडा नं ५ अन्तर्गतको गल्धाघाट ( बडहरे )र ढुङ्गाना बेसी घाटबाट गाउँ कार्यपालिकाको कार्यालयसँग सम्झौता गरी राजस्व दस्तुर निर्माण व्यावसायी मार्फत नियमानुसार संकलन गरी भारी उपकरणद्धारा संकलन गर्न अनुमति दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

३.तपशिलका विविध विषयमा देहाय बमोजिमका निर्णय गरियो ।

क.मिति २०८३।०२।०६ मा बसेको गाउँ शिक्षा समितिको बैठकले गरेका विभिन्न विषयसँग सम्बन्धित निर्णयहरु अनुमोदन गरी गाउँ कार्यपालिकाको कार्यालयलाई कार्यान्वयन गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ख. उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि,२०८२ बमोजिम देहाय अनुसारको उपसमिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक -श्री दुर्गा सोमै

सदस्य - श्री यम बहादुर राना

सदस्य - श्री फत्त सिं दर्लामी

सदस्य - श्री सन्तविर सुनारी

सदस्य - श्री मेख बहादुर सुनारी

सदस्य - श्री मुक्त बहादुर पाटा

संरक्षक - गा.पा.उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

सल्लाहकार - प्र.प्र.अ.श्री पूर्ण बहादुर चितौरे

- पूर्वाधार विकास समितिको संयोजक श्री नविन्द्र थापा सोती